राक्सिराङ्ग गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णय

**२०७८ साल बैशाख २० गते सोमबारका दिन बसेको राक्सिराङ्ग गाउँ कार्यपालिकाको ६१औं बैठकबाट भएको निर्णयहरुको संक्षिप्त व्यहोरा निम्न बमोजिम छन् :**

१. राक्सिराङ्ग गाउँपालिकाको खाद्य तथा पोषण रणनीतिक योजना स्वीकृत गरी आगामी गाउँ सभाको अधिवेशनमा पेश गर्ने ।

२. राक्सिराङ्ग गाउँपालिकाको स्थानीय न्यूनतम दररेटमा रंगिन जस्तापाता २६ गेजको भ्याट वाहेक रु.११०६६।३७ हुने गरी संशोधन प्रस्ताव स्वीकृत गर्ने ।

३. COVID-19 रोकथाम तथा न्यूनीकरण सम्बन्धमा देहाय अनुसार गर्ने, गराउने:

(क) गाउँपालिकाबाट नियमिति रुपमा प्रदान गरिने सेवा तथा उपभोक्ता समितिद्धारा सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरुलाई सञ्चालन गर्ने/गराउन "लकडाउनको अवधिमा राक्सिराङ्ग गाउँपालिकाभित्र रहेका उद्योग, कृषि उपज, निजी आवास सहित विकास निर्माणका कार्य सञ्चालन गर्ने/गराउने सम्बन्धी मार्गदर्शन, २०७७" वमोजिम गर्ने ।

(ख) COVID-19 रोकथाम तथा न्यूनीकरणको लागि वडाको क्षेत्राधिकारभित्र बाहिरबाट आएका नयाँ व्यक्तिहरुको पहिचान गर्ने, त्यस्ता व्यक्तिहरुको लगत संकलन गर्ने, त्यस्ता व्यक्तिहरुलाई कम्तिमा १४ दिन होम क्वारेन्टिनमा वस्ने व्यस्था मिलाउने, COVID-19 को शंकास्पद व्यक्तिहरुको एन्टिजेन परीक्षणको व्यवस्था मिलाउने, सामान्य अवस्था भएका तर पोजेटिभ देखिएका व्यक्तिहरुलाई सेल्फ आइसोलेशनमा राख्ने व्यवस्था मिलाउने, जटिल लक्षण देखिएका व्यक्तिहरुलाई गाउँपालिकाको COVID अस्पतालसम्म ल्याउन आवश्यक सहजीकरण गर्ने, नजिकको स्वास्थ्य संस्था वा गाउँपालिकाको स्वास्थ्य शाखासँग समन्वय गरी पोजेटिभ केश देखिएको स्थान वा त्यस्ता व्यक्तिको सम्पर्कमा आएका व्यक्तिहरुको कन्ट्र्याक ट्रेसिङ्ग गराउने कार्य वडा कार्यालयले गर्ने ।

(ग) जटिल लक्षण देखिएका व्यक्तिहरुलाई गाउँपालिकाको COVID अस्पतालमा ल्याई उपचारको व्यवस्था गर्ने, गाउँपालिकाको COVID अस्पतालमा उपचार गराउन सम्भव नदेखिएमा हेटौडा, चितवन लगायतका ठूला अस्पतालमा पठाउन आवश्यक व्यवस्था मिलाउने, COVID का विरामीलाई आवश्यक पर्ने वेड, अक्सिजन, औषधोपचार, खाना लगायतका अत्यावश्यक सामाग्रीहरुको व्यवस्थापन COVID अस्पतालले गर्ने ।

(घ) वडाबाट प्राप्त तथ्यांकको आधारमा गाउँपालिकास्तरीय लगत व्यवस्थापन गर्ने, संघ तथा प्रदेश सरकारसँग समन्वय गरी विपद्मा परेका नागरिकहरुको उद्धार गर्ने, आवश्यकतानुसार राहत सामाग्रीको व्यवस्थापन गर्ने, COVID-19 रोकथाम तथा न्यूनीकरणको लागि आवश्यकतानुसार केन्द्र तथा प्रदेश सरकारसँग समन्वय गर्ने, अस्पतालमा आवश्यक जनशक्तिको व्यवस्थापन गर्ने, अस्पताललाई अत्यावश्यक औषधी, सामाग्री, खानपान लगायतको व्यवस्थापन गाउँपालिकाले गर्ने ।

(ङ) अनावश्यक रुपमा हिडडुल गर्ने व्यक्तिलाई कडाई गर्न प्रहरी कार्यालयहरुलाई पत्राचार गर्ने ।

(च) COVID-19 रोकथाम तथा न्यूनीकरणको लागि स्वस्थ्य शाखाद्धारा तयार गरिएको संलग्न कार्ययोजना स्वीकृत गर्ने ।

४. अव्यवस्थित भूमिहीन दलित, सुकुम्वासी र अव्यवस्थित वसोवासीहरुको तथ्यांक संकलन र नाप नक्सा सम्बन्धी कार्ययोजना, २०७८ लाई स्वीकृत गर्ने ।

साथै, कार्ययोजना कार्यान्वयन गर्न एक जना सामाजिक परिचालक तत्काल करारमा नियुक्ति गरी बाँकी कार्यान्वयन COVID को जोखिम न्यूनीकरण भएपछि गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

५. चालु आर्थिक वर्ष २०७७/०७८ को वार्षिक वजेट तथा कार्यक्रमको तपशिलको शीर्षकलाई तपशिल अनुसार रकमान्तर गर्ने ।

(क) COVID अस्पताल घेरावार निर्माण गर्न आगामी गाउँसभाबाट अनुमोदन हुनेगरी खर्च हुन बाँकी रहेको मिल्दोजुल्दो पुँजीगत खर्च शीर्षकबाट रु. ४,५०,०००। (चारलाख पचासहजार) रकमान्तर गर्ने ।

(ख) स्थानीय स्तरमा भूक्षय तथा पहिरोका कारण अवरुद्ध भएका ग्रामीण सडक मर्मत तथा सरसफाई गर्न डोजर लगायत मेशिनको व्यवस्था गर्ने उपभोक्तालाई लागत अनुमान अनुसार लाग्ने तेल र सवारी चालकको खर्च (प्रतिदिन १,०००।) र सह सवारी चालक खर्च (प्रतिदिन ५००) का दरले चालु तर्फको खर्च शीर्षकबाट उपलब्ध गराउने ।

(ग) विपद् व्यवस्थापन शीर्षकबाट देहायको रकम खर्च गर्ने:
खानेपानी पाइप खरिदमा थप गर्न रु.५,००,०००।
जस्तापाता खरिद गर्न रु. ५,००,०००।

(घ) देहायको खर्च शीर्षकको रकमलाई देहाय अनुसार खर्च गर्ने

| सि.नं | साविक खर्च शीर्षक | बजेट रकम रु. | संशोधिन हुनुपर्ने खर्च शीर्षक रकम | बजेट रु. |
|---|---|---|---|---|
| १. | वालशिक्षक थप प्रोत्साहन | ३,६०,०००। | कालिका मा.वि. रा.गा.पा. ९ लाई भवन मर्मत गर्न | २,६०,०००। |
| २. | गाउँ शिक्षा समिति सञ्चालन | ३,००,०००। | विन्देश्वरी प्रा.वि. रा.गा.पा. १ | २,००,०००। |

राक्सिराङ्ग गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय राक्सिराङ, मकवानपुर बागमती

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | तथा व्यवस्थापन | | लाई भवन मर्मत गर्ने | |
| | | | श्री आ.वि. केरावारी रा.गा.पा. ३, लाई भवन मर्मत गर्ने | २,००,०००। |
| ३. | वायो ईञ्जिनियरिङ्ग | ४,००,०००। | खोलाटार वेशी खानेपानी आयोजना राक्सिराङ्ग १ | ४,००,०००। |
| ४. | वि.पि. खेलकुद मैदान निर्माण वडा नं. ३ | २,००,०००। | सरकारी टोल खानेपानी आयोजना राक्सिराङ्ग ३ | २,००,०००। |
| ५. | खाद्य सुरक्षा बैंक | ५०,००,०००। | वोटवारी परेवाभिर सडक फिलिङ्ग गर्ने | १९,५०,०००। |
| जम्मा | | १२,६०,०००। | जम्मा | १२,६०,०००। |

६. विविध अन्तर्गत देहाय वमोजिम गर्ने :

(क) नदीजन्य पदार्थको व्यवस्थापनको लागि ढाटमा खटिएको हुँदा अर्को डोजर अपरेटर श्री कमलकान्त घिमिरे हाल नदीजन्य पदार्थको व्यवस्थापनको लागि ढाटमा खटिएको हुँदा अर्को व्यवस्था नभएसम्मको लागि नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक चालुतर्फको कुनै शीर्षकबाट भुक्तानी गर्ने गरी एकजना व्याक हो लोडर सहायक अपरेटर करारमा राख्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

(ख) राजस्व परामर्श समितिमा निर्णय भई अनुमोदनको लागि पेश भएको नदिजन्य पदार्थको उत्खनन् तथा विक्री वितरणको संलग्न प्रतिवेदन अनुमोदन गर्ने ।

(ग) सौर्य उर्जा प्रविधि जडान शीर्षकको रु.३,००,०००। बाट टिकेढुंगा प्रा.वि. राक्सिराङ्ग ७ लाई सोलार खरिद गर्न रु.१,५०,००० र वागेश्वरी मा.वि. राक्सिराङ्ग ९ को सोलार मर्मत गर्न रु.१,५०,०००। खर्च गर्ने ।

(घ) प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गर्न चालु आ.व. २०७७/०७८ को लागि विनियोजित वजेट रु. १६,०३०००। (रु. सोह्र लाख तिन हजार) मिति : २०७७/१०/२८ को गाउकार्यपालिकाको वैठकको निर्णय अनुसार वडा नं. ५ स्थित लाल पार्क व्यवस्थापनमा खर्च गर्ने निर्णय भएकोमा उक्त योजना सञ्चालन स्थल रोजगार ब्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट भएका सूचीकृत बेरोजगारहरुलाई पायक नपरेकोले उक्त योजना सञ्चालन गर्न नसकिएको हुदा उक्त वजेटलाई तपशिल वमोजिम योजनाहरुमा खर्च गर्ने निर्णय गरियो ।

**तपसिल:**

| सि.नं. | योजनाको नाम | वडा नं. | विनियोजित वजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १. | देविटार-शिखरडाँडा गोरेटोवाटो निर्माण | ८ | ३,००,००० | |
| २. | देविटार-चोकिम सडक सुधार | ८ | ४,००,००० | |
| ३. | मनहरी चूरीडाँडा पर्यटकीय पैदल मार्ग निर्माण | ५ | ३,००,००० | |
| ४. | सारिना चूरीडाँडा गोरेटोबाटो निर्माण | ५ | ४,००,००० | |
| ५ | खहरे सानो ग्रिङ्ती कोलडाडा सडक नाली तथा मर्मत | ३ | २,०३,०००। | |
| | जम्मा | | १६,०३,००० | |

**द्रष्टव्य : निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरु आवश्यक भएमा गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त हुनेछ**

राक्सिराङ्ग गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
राक्सिराङ्ग, मकवानपुर
बागमती प्रदेश नेपाल

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत